
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

बचत गर्दा ध्यान दिऔं ।
सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं । अधिक लाभको लोभमा नफसौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क १५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार ७ गते मंगलबार ❑ 21 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## दलीय प्रणालीबाहिर जनताको सेवा कठिन : नेतृ आरजु देउवा

**पोखरापत्र संवाददाता**
**कास्की, ६ असार**

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य आरजु राणा देउवाले दलीय प्रणालीभन्दा बाहिरबाट जनताको सेवा गर्न कठिन हुने बताएकी छन् । उनले स्वतन्त्रबाट लडेर चुनाव जितेकाहरुको काम हेर्न बाँकी रहेको पनि बताइन् ।

नेपाल तरुण दल कास्कीले सोमबार पोखरामा विपत् व्यवस्थापन नागरिक सेवामा तरुण दलको भूमिका एवं निर्वाचित जनप्रतिनिधिलाई बधाई कार्यक्रमलाई सम्बोधन गर्दै उनले जनताको मन जित्ने गरी काम गर्न जनप्रतिनिधिलाई सुझाव समेत दिइन् । प्रधानमन्त्री पत्नी समेत रहेकी नेतृ आरजु देउवाले स्थानीय तहको निर्वाचनमा काठमाडौंको मेयरमा बालेन शाहले चुनाव जितेपछि स्वतन्त्र उम्मेदवार बन्नेहरुको लहरै चलेको उल्लेख गरिन् । उनले भनिन्, अहिले जति पनि स्वतन्त्रले जितेका छन् नि, उनीहरू एउटा-एउटा गुण पहिचान गरी नेता बनेका हुन्, म ओपन्ली



त भन्न चाहन्नँ तर सोसल मिडिया रूटिङ अफ नेपाल बन्द बालेनले कतिमा हायर गर्नुभयो ?' विभिन्न पेसासँगै पत्रकारितासमेत छोडेर राजनीति गर्न आएका छन् भन्दै उनले भनिन्, हुन त राम्रो हो । रमाइलै हुन्छ । विभिन्न विचार बोकेका मानिस राजनीतिमा आउँदा । तर उनीहरुको काम कस्तो हुन्छ हेर्न बाँकी छ । स्थानीय तहमा बसेर काम गर्न झन् गाह्रो रहेको भन्दै उनले आफूलाई सुशासनबारे चिन्ता लागेको बताइन् । गएको निर्वाचनमा उम्मेदवारी दोहोर्‍याएका सबै दलका जनप्रतिनिधिहरु सोचेअनुरुप निर्वाचित हुन नसक्नुमा नेतृ देउवाले यसबारेमा काम, क्षमता र लोकप्रियता जनताले मापन गरेको बताइन् ।

उनले प्रधानमन्त्री हुन सजिलो भए पनि काम गर्न गाह्रो भएको दाबी गरिन् । उनले प्रधानमन्त्री शेरबहादुर देउवा मुलुकका ५ पटक प्रधानमन्त्री भएको तर जनचाहनाअनुसार काम गर्न गाह्रो भएको बताइन् । 'पद पाउन सजिलो छ तर त्यहाँ बसेर काम गर्न जनतालाई भनेअनुसार काम गर्न गाह्रो छ' उनले भनिन्, ' गठबन्धनको सरकार हो । सबैका चाहना, सबैका विचार हुन्छन् । त्यसलाई मिलाएर लैजान चुनौती छ ।' उनले पदमा पुगेपछि धेरै गर्छु भन्ने लागेको हुन्छ तर पूरा गर्न गाह्रो छ । प्रधानमन्त्री देउवालाई पनि उठेदेखि सुत्नेबेलासम्म फुर्सद नहुने गरेको आफूले नजिकबाट देखेको उल्लेख गर्दै उनले भनिन्, 'उठेदेखि सुतेसम्म त्यो घोडालाई दौडाएजस्तै दौडाएको छ, दौडाएको छ । मिटिङ, सेमिनार, राजदूत, मन्त्री, को को हो के हो ।'

कार्यक्रममा तरुण दलका केन्द्रीय अध्यक्ष विद्वान गुरुङले पार्टीले दिएको निर्देशन तरुणहरुले पालना गरेको दाबी गरे । कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य राजीव ढुंगाना, गण्डकी प्रदेशका शिक्षा संस्कृति तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठ, भौतिक पूर्वाधार मन्त्री कुमार खड्का, संचारमन्त्री बिन्दुकुमार थापा, कांग्रेस कास्की सभापति किशोरदत्त बराल, तरुण दलका पूर्व केन्द्रीय सदस्य ऋषि काफ्ले, तरुण दलका जिल्ला अध्यक्ष मनोज गुरुङ लगायतले आगामी चुनावमा कांग्रेसलाई पहिलो दल बनाउन लागिपर्नुपर्ने विचार राखेका थिए । सो अवसरमा कास्कीबाट गत ३० वैशाखको चुनावमा निर्वाचित जनप्रतिनिधिलाई सम्मान गरिएको थियो ।

## नीति तथा कार्यक्रममा नसमेटिएको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम बजेटमा नआएको अर्थमन्त्री बरालको भनाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असार**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले नीति तथा कार्यक्रममा नसमेटिएको निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रम बजेटमा नआएको बताउनु भएको छ । संसदीय पत्रकार मञ्च गण्डकीले सोमबार पोखरामा आयोजना गरेको संसदीय पत्रकार क्षमता अभिबृद्धिका लागि अध्ययन अवलोकन र अनुभव आदन प्रदान सहितको तालिमको उद्घाटन गर्दै उक्त कुरा बताउनु भएको हो ।

उहाँले भन्नु भयो, "हामीले सन्तुलित बजेट ल्याएका छौं, एकाद टिका टिप्पढी हुनु स्वभाविक हो, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम निती तथा कार्यक्रममै नभएको बिषयलाई बजेटमै ल्याउनै पर्छ भन्ने हुदै, त्यो कुनै क्रमागत योजना होइन त्यो बार्षिक कार्यक्रम भएकोले गर्दा पनि पहिलाकै ढंगले आएका कार्यक्रमलाई निरन्तरता दिनै पर्छ भन्ने हुदैन । " मुख्यमन्त्रीको नेतृत्वमा निर्माण हुने निती तथा कार्यक्रममा नै साना साना कार्यक्रम समेटिदा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम नहुनु स्वभाविक ढंगले यस्ता कार्यक्रमलाई निरन्तरता दिन आवश्यक नभएको मन्त्री बरालको भनाई थियो ।

उक्त बिषयले गर्दा सदनमा प्रस्तुतः भएको बजेट माथि छलफल स्थगित हुनुले मन्त्री पद नै बर्खास्तको कुरा आएको छनी भन्ने पत्रकारको विज्ञासामा मन्त्री बरालले कागेंसले आफुलाई मन्त्री नबनाएकोले आफ्नो पार्टी र नेताहरुले विवेक पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो । मन्त्री बरालले कुन मन्त्रालयमा के भयो भन्दा पनि हरेक मन्त्रीहरुले आ–आफ्नो जिम्मेवार के हो त्यस तर्फ ध्यान केन्द्रित हुदै काम गर्न आग्रह गर्दै अर्थ मन्त्रालयमा आँखा नलगाउन चेतावनी समेत दिनु भयो । कृषिलाई प्रोत्साहन हुने गरी बजेट आएको बताउदै मन्त्री बरालले एक निर्वाचन एक कृषि सडक अवधारणले कृषि उत्पादनलाई प्रोत्साहन हुने दाबी गर्नु भयो । अन्य प्रदेश भन्दा गण्डकी प्रदेशले आफ्नो वेसको आधारमा कार्यान्वयन गर्न सकिने गरी बजेट ल्याएको दाबी गर्दै मन्त्री बरालले आन्तरिक ऋण लिने बिषयमा संघ सरकारले समयमै कानून नवनाएको कारण ऋण लिन नसकेको प्रष्ट पार्नु भयो । असार १ गते बजेट प्रस्तुतः गरे पश्चात बार्षिक कार्यक्रम पुस्तिका प्रकाशनको लागि २ दीनको समय सिमा अर्थ मन्त्रालयले मागेको भए पनि ५ गतेसम्मको लागि प्रदेश सभाले समय दिएकोमा हाल सदन कहिलेबाट चल्ने अन्यौल भएको छ ।

सांसदहरुले आफ्नो भूमिका भुल्दा व्यबस्थापिकाले कार्यपालिकाको काम गर्न तल्लिन भएको मन्त्री बरालको भनाई थियो । नियम कानून निर्माण गर्ने तथा परिस्कृत गर्नुपर्ने सांसदहरुले सडक बाटो, मठ मन्दीर निर्माणमा जुट्ने गरेको उहाँको आरोप थियो । मञ्चका कार्यवहाक अध्यक्ष अमृत सुवेदीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका सदस्य द्धव त्रिभुवन पौडेल र सरिता तिमिल्सना पंगेनी लगायतले वोल्नु भएको सचिव रोहितराज पराजुलीले बताउनु भयो ।

## पोखरा महानगरका प्रमुखलाई पोखरा पर्यटन परिषदद्धारा सुझाव

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असार**

पर्यटन सम्बद्ध संघ संगठनको छाता संस्था पोखरा पर्यटन परिषदको तर्फबाट पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलाई पर्यटन लक्षित विकासका लागि सुझावहरु दिएको छ ।

परिषदले एक कार्यक्रमका बीच पर्यटकीय शहर पोखराको थप विकासका लागि आवश्यक पूर्वाधारसँगै लेकसाइड क्षेत्रमा देखिएका समस्याहरु औल्याउँदै तत्काल सम्बोधन गर्न सुझाव दिएको परिषदका अध्यक्ष गोपीबहादुर भट्टराइले जानकारी दिनुभयो । "पोखरा लेकसाइडका पर्यटन व्यवसायीको मात्र होइन । विश्वको ध्यान खिच्न सफल घुम्नै पर्ने शहरको परिचय बनाएको शहर पनि हो यसलाई व्यवस्थित बनाउन डाइनामिक भिजनरी नेतृत्वको खोजी सधै पोखराले गरिरहेको छ , अबको नेतृत्वले यसलाइ साकार पार्नेमा विश्वस्त छौ ।" अध्यक्ष भट्टराईले भन्नुभयो ।

मुख्यतय पर्यटन उद्योग अन्य उद्योग भन्दा भिन्न प्रकृतिको भएको र सिधै पर्यटकहरुसंग हेलमेल भइ व्यवसाय संचालन गर्नु पर्ने हुँदा यहाँ थुप्रै चुनौतिहरु रहेको जनाउँदै पर्यटन मैत्री नीति अवलम्बन गरेर समस्याको समाधान गर्नुपर्नेमा जोड दिनुभयो । परिषदका तर्फबाट व्यक्त सुझावहरुमा महानगरपालिकाले पोखरालाई पर्यटनको राजधानी बनाउने कार्यान्वयनको पक्षमा जोड दिदै महानगरपालिकामा पर्यटन महाशाखा स्थापना गरी पर्यटक सम्पदा सहयोग कक्षको व्यवस्था



गर्नुपर्ने र फेवातालको लगायत पोखरामा रहेको सम्पूर्णताल सफा सुन्दर, वातावरण मैत्री बनाउन ताल वरीपरी प्लाष्टिक जन्य खाद्यपदार्थ विक्री वितरणमा रोक लगाउनु पर्ने, फुट ट्र्याकमा राखिएका फोहोर मैला संकलन बक्सहरु नियमित रुपमा खाली गर्नुपर्ने, फेवातालमा मिसिने ढलहरुको उचित व्यवस्थापन गरिनु पर्ने सुझावमा छ ।

त्यसैगरी पोखरा महानगरपालिका वडा नं ६ लेकसाइड स्थित हिमागृह र रत्न मन्दिरलाई ऐतिहासिक, पुरातात्विक पर्यटकीय सम्पदाको रुपमा विकास गर्न न्यूनतम पूर्वाधार निमार्ण गर्दै दृश्वालोकनका लागि पर्यटक तथा सर्वसाधरणका लागी यथाशिघ्र खुला गर्नुपर्ने, महानगरपालिका भित्र रहेका पर्यटकीय गन्तव्य स्थलहरुमा लिइने शुल्क एकै ठाउँबाट तिर्न मिल्ने व्यवस्था मिलाउनु पर्ने, पर्यटकीय क्षेत्र लगायत प्रमुख स्थानहरुमा सुरक्षाका दृष्टिकाणले पर्याप्त मात्रामा सिसि क्यामेरा, सडक बत्ति जडान र संरक्षणमा जोड दिन भनिएको छ । पोखराको सवै क्षेत्र समेट्ने गरी रिङ्गरोड (चक्रपथ) को डिपिआर तयार गरी निर्माण कार्य अगाडि बढाउनु पर्ने, पोखरा अन्तराष्ट्रिय विमानस्थल तयारी पछिको साघुरा बाटोहरु समयमै बृहत अध्ययन गरी संरचना निर्माणमा जोड दिदै पुरानो बसपार्क यथासक्य छिटो छरितो सम्पन्न गरी व्यवस्थित गराउन र राष्ट्रबैक चोकमा रहेको पर्यटन बसपार्क सञ्चालनार्थ महानगरले समिति गठन गरि त्यसको संरक्षण र सम्बर्द्धन व्यवस्थापनको जिम्माका लागि पोखरा पर्यटन परिषदलाई राख्नुपर्ने, यससँगै साइकल यात्री र जेब्राक्रसीङ्ग, सार्वजनिक बसहरु जथाभावी रोक्नबाट हटाई निश्चित ठाउँमा रोक्ने व्यवस्था गर्नुपर्ने साथै पोखराका विभिन्न चोकहरुमा व्यवस्थीत ट्राफिक लाइटको व्यवस्था गर्नुपर्ने उल्लेख छ । महानगरपालिकाले पर्यटन सम्बन्धी कार्यक्रमको लागी शिर्षक तोकी बजेट विनियोजन गर्नुपर्ने परिषदको माग छ । अव्यवस्थित अनुमति विना संचालनमा रहेका व्यवसायहरुलाई अनुगमन गरी दर्ताको दायरामा ल्याई व्यवस्थित गराउने । विगतमा लामो समयदेखि व्यवसाय संचालन गरेका तर स्थानीय सरकारमा दर्ता नभएकाहरुलाई दर्ता गर्ने व्यवस्था मिलाउनु पर्ने विषयलाई पनि परिषदले सुझावमा समेटेको छ ।

यससँगै अव्यवस्थित टेलिफोन, केवल, टिभि, इन्टरनेट साथै विद्युतका तारहरुलाई अन्डर ग्राउड गरी व्यवस्थापन गर्नुपर्ने, पोखरामा यस अघि पहिचान गरीएका प्रमुख गन्तव्यहरुको संरक्षण, सर्म्वद्धन, प्रर्वद्धन गर्दै दिगो रुपमा विकासका कार्यक्रम ल्याउने साथै यहाको प्रमुख पर्यटकीय आवास क्षेत्रमा विशेष पर्यटकीय क्षेत्र ९क्त्श० घोषणा गरी पर्यटन पुनरुत्थानका कार्यक्रमहरु संचालन गर्न सुझाव दिएको छ । पोखरा र लेकसाइड स्थित पार्कहरु, खाली जग्गा उचित संरक्षण, सौन्दर्यकरण र सम्बर्द्धन गरी पर्यटन मैत्री वातावरण बनाउनका लागि धुवा फाल्ने सवारी साधनहरुको चेकजाच गरी प्रदुषित भएमा महानगरपालिका क्षेत्र भित्र संचालनमा रोक लगाउनुपर्ने साथै राजमार्ग र सडक छेउछाउमा रहेका अटो सर्भिस/वर्कसपहरुलाई अन्य ठाउँमा स्थानान्तरण गरी व्यवस्थित गर्नुपर्ने, पोखरा महानगरपालिका भित्र रहेका विश्व सम्पदा सूचीमा सुचिकृत पर्यटकीय गन्तव्य स्थलहरुलाई सम्वर्द्धन र संरक्षण गर्दै कल्चर भिलेज (सांस्कृतिक गाउँ) जहाँ पर्यटकले अवलोकन गरी विभिन्न जातजातिको संस्कृती अध्ययन गर्ने स्थलको रुपमा विकास गर्ने विषयलाई समेटन आग्रह गरिएको छ ।

निकै लामो समय देखि टुंगो लाग्न नसकेको फेवातालको मापदण्डलाई यथासक्य छिटो टुंग्याएर व्यवसायीलाई अनिर्णयको बन्दी नबनाउन र यस मुद्दालाई प्राथमिकतामा राखेर कार्य गर्न व्यवसायीको तर्फबाट प्रमुख अनुरोध गरिएको छ । महानगरपालिकाले लिंदै आएको एकीकृत सम्पत्ति कर ५ बर्ष सम्म नबढाउने भनिएता पनि विभिन्न

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि फिर्ता गर्न माग

**रासस**
**काठमाडौं, ६ असार**

अनेरास्ववियुले पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि फिर्ता गर्न आग्रह गरेको छ ।

अनेरास्ववियुका अध्यक्ष सुनिता बरालले सोमबार विज्ञप्ति निकाल्दै पेट्रोलिय पदार्थको मूल्य फिर्ता गर्न आग्रह गर्नुभएको हो । सरकारले गए राति १२ बजेदेखि पेट्रोलमा २१ रुपैयाँ तथा डिजेल र मट्टितेलमा २७ रुपैयाँ बढाएर पेट्रोलको मूल्य प्रतिलिटर रु १९९, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर रु १९२ कायम गरेको छ । "जनताको आधार भूत आवश्यकतासँग प्रत्यक्षरूपमा गाँसिएको पेट्रोलियम पदार्थमा मूल्य वृद्धि गर्दै निगमले आफ्नो कमजोरी लुकाउन निरन्तर घाटामा देखाएर केवल नाफा निकाल्ने उद्देश्य राखी गरिएको मूल्य वृद्धि तत्काल फिर्ता लिन अनेरास्ववियु जोडदार माग गर्दछ", विज्ञप्तिमा भनिएको छ ।

यसैबीच अनेरास्ववियुले मूल्य वृद्धिको विरोधमा आज साँझ त्रिचन्द्र क्याम्पस अगाडि विरोध प्रर्दशन गरेको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# र्‍यापर जेनिसलाई चिल्ड्रेन स्कुलमा न्यानो स्वागत

पोखरापत्र संवाददाता
पोखरा, ६ असार

हरेक अभिभावकको पहिला सपना भनेको छोराछोरी राम्रो सँग पढुन् । प्रतिभामान बनुन् । सवैको हाइहाइ हुन् । यो सोच मानवमा हुन्छ । त्यसैले मानिस चेतनशील प्राणी हो, बौद्धिक प्राणी हो । तर अहिले अध्ययनको अर्थ ज्ञानमा मात्र सीमित छ । व्यावहारिक शिक्षा कम छ । पढेर मात्रै केही अर्थ राख्दैन । पढेको कुरालाई जीवन उपयोगी गराउन सकियो भने मात्रै ज्ञानको अर्थ रहन्छ । वर्तमानमा अनुकूल गुणस्तरीय र व्यावहारिक शिक्षा आजको मुख्य आवश्यकता हो । ज्ञानसँगै कलालाइ पनि अगाडी बढाइयो भने जीवन लालुगुराँस मय हुन्छ । पोखरा वडा नं १३ बस्ने जेनिस क्षेत्रीले क देखि ज्ञसम्म र ए देखि जेडसम्म जहाँ सिके त्यही स्कुलमा र्‍यापर गित गाएर



सहभागी सवैलाई मन्त्रमुग्ध पारे ।

दश कक्षासम्म जान लिएको वडा १३ कार्यालय अगाडी स्थित विद्यालय चिल्ड्रेन एकेडेमीमा पुगी गित गाएर मन्त्रमुग्ध पारेका हुन जेनिसले । जेनिसले विद्यालय गेटमा पाइला टेकेका थिए राम रुपी चिल्ड्रेन स्कुलका निर्देशक हिमाल गुरुङ हँसीलो अनुहार मिलेको ज्यान जेनिसको अँगालोमा बाँधिन पुगे । स्कुलमा पढ्दा त कुनै कार्यक्रममा सहभागी भएनन् तर एकै चोटी टिभीमा देख्दा त मत छक्कै परे निर्देशक गुरुङले भने । जेनिस आज हाम्रो विद्यालयका हिरारुपी बन्दै विश्वभरी उनको प्रतिभाले उनलाइ मात्र नभै विद्यालयलाई समेत परिचित बनाएको निर्देशक गुरुङले वताए । चिल्ड्रेन स्कुलका प्रधानाध्यापक अञ्जु गुरुङ पनि जेनिसको प्रतिभा देखेर म त तीन छक परेको भन्दै विद्यालयमा हुँदा त लजालु स्वभाव भएको वताइन् । जेनिसकै गुरुआमा रिता गुरुङ पनि जेनिसको कला देखेर अचम्मै परिन् । स्कुलमा शान्त स्वभाव र कम वोल्ने जेनिस आज नेपालमै चर्चाको शिखरमा पुगेको देख्दा मलाइ आत्मैदेखी खुशी लागेको पोखरापत्रलाई वताइन् ।

दिनभरी चरेर घर फर्केर एक गिलास पानी पिउँदा जति आनन्द हुन्छ त्यस्तै चिल्ड्रेन स्कुल छिरेर चिसो पिउँदा अमृत पिएको महशुस भएको गायक जेनिसले भने । विद्यालयका गुरुहरुले दिएको ज्ञानले आज यहाँ सम्म पुराएको खुशी जेनिसले विद्यार्थीहरु विच पस्के ।

# नेपाल आइस हेमजा गोल्डकपमा खुमलटारको बिजयी

पोखरापत्र संवाददाता
पोखरा, ६ असार

छैटौं नेपाल आइस अन्तर ष्ट्रिय हेमजा गोल्डकप आमन्त्रित नकआउट फुटबल प्रतियोगिताको तेस्रो क्वाटर पाइनलमा खुमलटार युवा क्लब विजयी भएको छ ।

पोखरा २५ हेमजा स्थित गौरीशंकर खेलमैदानमा भएको खेलमा खुमलटार युवा क्लबले बागमती युवा क्लबलाई २-० ले हराउँदै विजयी भएको हो । खुमलटार युवा क्लबको तर्फबाट खेलको २ मिनेटमा जर्सि न. १६ का आशिष श्रेष्ठले गोल गरेका थिए । त्यस्तै खेलको २८ मिनेटमा जर्सि न. १७ का आशिष सुनामले गोल गरे । खेलमा २८ औं मिनेटमा गोल गरेका आशिष सुनाम म्यान अफ दि म्याच समेत चुनिए । उनले



पुरस्कार वापत नगद ५ हजार हात पारे । यो जितसँगै खुमलटार युवा क्लब प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

प्रतियोगिता अन्तरगत असार ७ गतेको खेल फुटबल क्लब डाउला र विभागीय टोली सशत्र प्रहरी बलको एपिएफबीच हुने आयोजकले जानकारी दियो । हेमजा युनाइटेडको आयोजनामा जारी प्रतियोगिताको विजेताले उपाधिसहित नगद ६ लाख हात पार्नेछ भने उपविजेताले ३ लाख प्राप्त गर्नेछ ।

# संस्कृत पुस्तकालय स्थापना

पोखरापत्र संवाददाता
वालिङ, ६ असार

यहाँको धार्मिक एवं ऐतिहासिकस्थल छाङ्छाङ् दी (छायाँक्षेत्र) मा 'योगी नरहरिनाथ संस्कृत पुस्तकालय' स्थापना गरिएको छ ।

विश्व हिन्दू युवा सङ्घको पहलमा प्रसिद्ध धार्मिक एवं ऐतिहासिकस्थल छाङ्छाङ्दीमा पुस्तकालय स्थापना गरिएको हो । आधुनिकताका नाममा संस्कृत भाषा लोप हुन नदिनका लागि र यसको महत्व तथा प्रचारप्रसारमा जोड दिने उद्देश्यसहित संस्कृत पुस्तकालय स्थापना गरिएको विश्व हिन्दू युवा सङ्घ स्याङ्जाका अध्यक्ष नवराज पौडेलले जानकारी दिनुभयो ।

"योगी नरहरिनाथले लेख्नुभएका पुस्तकको सङ्कलन गरेर पुस्तकालयमा राखेका छौँ, संस्कृत भाषाका अन्य पनि पुस्तक राखेका छौँ", उहाँले भन्नुभयो, "संस्कृतको महत्वकाबारेमा आम नागरिकलाई बुझाउन सकेको खण्डमा संस्कृत भाषा लोप हुनबाट बचाउन सकिने ठानेर संस्कृत पुस्तकालय स्थापना गरेका हौँ ।"

पुस्तकालय स्थापनाका क्रममा योगी नरहरिनाथले लेख्नुभएका र अन्य संस्कृत भाषाका पुस्तक विभिन्न ठाउँबाट सङ्कलन गरेर ल्याएर राखिएको छ । भीरकोट-४ मा अवस्थित छाङ्छाङ्दीमा स्थापना गरी सुरुआत गरिएको संस्कृत पुस्तकालय स्याङ्जाका एघार वटै स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा स्थापना गर्ने लक्ष्य रहेको अध्यक्ष पौडेलले बताउनुभयो । विश्व हिन्दू युवा सङ्घले विद्यार्थीमा नैतिक शिक्षाको अभाव भएको भन्दै पालिकाले विद्यालयमा नैतिक शिक्षा लागू गर्न माग गर्दै यसअघि ज्ञापनपत्र बुझाएको थियो । "संस्कृत पूजा गर्ने, कर्मकाण्ड चलाउने मात्रै भाषा होइन", उहाँले भन्नुभयो, "यो विश्वकै सबैभन्दा प्राचीन भाषा हो, तसर्थ यसको महत्वकाबारेमा आजका पिँढीलाई बुझाउन सकेमात्रै भोलि पनि यो भाषा जीवित रहने भएकाले समयमै यतापट्टि ध्यान दिनु जरुरी भएको ठान्दछु ।" पुस्तकालय सञ्चालनमा आएकाले सोही ठाउँमा गएर आफूलाई आवश्यक परेको पुस्तक अध्ययन गर्न वा घरमै लगेर पनि अध्ययन गर्न सकिने व्यवस्था मिलाइएको पुस्तकालयले जनाएको छ ।

# एयर अरेबिया र फ्लाई दुबईले भैरहवाबाट उडान भर्ने

रासस
काठमाडौं, ६ असार

गएको जेठ २ गतेदेखि औपचारिकरुपमा सञ्चालनमा आएको भैरहवामा रहेको गौतमबुद्ध अन्तर ष्ट्रिय विमानस्थलबाट थप दुई विदेशी वायुसेवा कम्पनीले पनि अब नियमित उडान भर्ने भएका छन् ।

नियमित उडान भर्नका लागि एयर अरेबिया र युएइको फ्लाई दुबई कम्पनीले प्रक्रिया अघि बढाएको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जनाएको छ । यी दुवै संयुक्त अरब इमिरेट्स (युएई) का अन्तर्राष्ट्रिय वायुसेवा प्रदायक कम्पनी हुन् । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक ई प्रदीप अधिकारीका अनुसार एयर अरेबियाले आउँदो दुई हप्ताभित्रै नियमित व्यावसायिक उडानका लागि इच्छा प्रकट गर्दै प्रक्रिया थालेको जानकारी दिनुभयो । उहाँका अनुसार खासगरी भैरहवा विमानस्थलबाट श्रम गन्तव्य मुलुक जान चाहने यात्रुको माग तथा चाप पनि उच्च रहेको छ । सोही कारण अन्य विदेशी वायुसेवा कम्पनीले पनि यो विमानस्थलमा अन्तर्राष्ट्रिय उडानका लागि रुचि बढाएका छन् ।

यसैगरी एक महिनाअघि विमानस्थल उद्घाटनसँगै साताको तीन दिन नियमित उडान सुरु गरेको जजिरा एयरलाइन्सले पनि छिट्टै हप्तामा सातै वटा उडान सुरु गर्ने तयारी गरेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवाका प्रमुख गोविन्दप्रसाद दाहालले जानकारी दिनुभयो ।

# पोखरा लेडी जेसीज ३४ औं वर्षमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, ६ असार

पोखरा लेडी जेसीज ३४ औं वर्षमा प्रवेश गरेको छ । जेसीजले पोखरामा एक कार्यक्रमको आयोजना गरि आफ्नो ३४ औं स्थापना दिवस मनाएको छ ।

स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमको उद्घाटन पोखरा महानगरपालिका ४ का वडाध्यक्ष देवकृष्ण पराजुलीले गरे । उनले सामाजिक क्षेत्रमा जेसीज लगायतका संस्थाहरुले पुर्‍याउँदै आएको भुमिकाको खुलेर प्रशंसा गरे । उनले आगामी दिनमा सार्वजनिक महत्वका कार्यक्रमहरुमा पोखरा लेडी जेसीजसँग सहकार्य र सहयोगका लागि आफू र आफ्नो वडा सधै तयार रहने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा



पोखरा जेसीजका पूर्व अध्यक्ष एवं नेपाल जेसीज वर्ष २०२२ का राष्ट्रिय कानूनी सल्लाहकार गोविन्द देवकोटा, पोखरा लेडी जेसीजका पूर्व अध्यक्ष गिता सिग्देल, जेसिआई सिनेटर प्रमिला सुबेदी, सुनयना पालिखे, लेखनाथ जेसीज वर्ष २०२२ का अध्यक्ष सुजन न्यौपाने, पोखरा जेसीज वर्ष २०२२ का अध्यक्ष मिनराज खड्का लगायतले शुभकामना व्यक्त गरे । संस्थाका निवर्तमान अध्यक्ष कमला शर्मा (विनिता) को अध्यक्षतामा भएको कार्यक्रममा आस्थाको पाठ संस्थाका उपाध्यक्ष सरु थापा, स्वागत संस्थाका सकुन पौडेल र संचालन सचिव प्रमिला सुवेदीले गरेकी थिइन् ।

नेतृत्व, व्यक्तित्व विकास लगायत विभिन्न सामाजिक क्षेत्रमा काम गर्दै आइरहेको छ ।

# नेकपा (एस) को पोलिटब्यूरो र केन्द्रीय कमिटीको बैठक काठमाडौँमा

पोखरापत्र संवाददाता
वालिङ, ६ असार

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को पोलिटब्यूरो र केन्द्रीय कमिटीको बैठक यही असार १० र ११ गते काठमाडौँमा बस्ने भएको छ ।

स्थानीय तह निर्वाचनको समीक्षाका साथै आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पार्टीका उम्मेदवारलाई विजयी बनाउन देशभर सञ्चालन गर्ने कार्यक्रम, कार्ययोजना आवश्यक रणनीतिबारे बैठकमा छलफल गरिने केन्द्रीय प्रचार विभाग सदस्य कृतु भण्डारीले जानकारी दिनुभयो ।

केन्द्रीय नेताद्वारा सम्बन्धित क्षेत्र, प्रदेशमा सङ्गठनको अवस्था, सङ्गठन विस्तारको कार्ययोजनाबारे प्रस्तुत गरिने बैठकमा मुलुकको समसामयिक अवस्थाबारे पनि छलफल हुनेछ । आगामी चुनावसम्म गठबन्धनलाई कायम राखेर तालमेल गर्ने तथा पार्टीले आफ्नै शक्तिका आधारमा एक्लै निर्वाचनमा सहभागी हुने विषयमा छलफल गरिने बैठकमा केही विषयसूची पोलिटब्यूरो बैठकले पनि तयार गर्नेछ ।

केन्द्रीय कमिटीको बैठक सम्पन्न भए लगत्तै पार्टीले केन्द्रीय परिषद्को बैठक यही असार १३ र १४ गते बोलाएको छ । पार्टीले देशभर तीव्र गतिमा सङ्गठन विस्तार गरी राजनीतिक अभियान सञ्चालन गर्दै आएको छ ।

# पोखरा...

बहानामा बृद्धि हुदै आएको तर्फ ध्यानाकार्षण गराएको छ ।

अन्तराष्ट्रिय विमानस्थल निर्माणसँगै तत्काल आवश्यक देखिएकाले अन्तराष्ट्रिय सम्मेलन केन्द्रको लागि कुनै स्थान तोकी बजेट विनियोजन गरेर कार्य प्रारम्भ गर्नका लागि पनि ध्यानाकर्षण गराउँदै र व्यवसायहरु दर्ता गर्नको लागि अति आवश्यक कम्पनी रजिष्ट्रार्डको कार्यालय गण्डकी प्रदेशमा ल्याउन प्रदेश सरकारसंग आवश्यक पहल गर्नका लागि भनिएको छ ।

यसैबीच अध्यक्ष भट्टराइले पोखरा क्षेत्रको पर्यटनलाई कोभिड-१९ को प्रभावबाट पुनरुत्थान गर्नका लागि पोखरा महानगरले पनि रणनीतिक योजनाहरु तय गरेको विषयलाई पनि कार्यान्वयन तर्फ ध्यान दिन आग्रह गर्नुभयो ।

विशेष गरी पोखराको पर्यटनलाई ब्रान्डका साथै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारसम्म प्रवर्द्धन गर्ने उद्देश्यहरू राखेर तयार गरिएको रणनीतिक योजनामा पहिलो प्राथमिकतामा पोखरा सहर भ्रमणका लागि सुरक्षित छ भन्ने सन्देश दिने गरी आन्तरिक तथा वाह्य बजारमा पोखराको पर्यटनलाई ब्रान्डिङ गर्ने उल्लेख गरिनु सकारात्मक रुपमा लिएका उल्लेख गर्दै पर्यटन उद्योगलाई चलायमान बनाउन विभिन्न तहका सरकारबाट चाल्नुपर्ने उपयुक्त नीतिगत विषयमा सुझावहरू प्रस्तुत गर्ने नवीनतम सामान्य अवस्थामा पोखरालाई पर्यटकीय हबको रूपमा दिगो विकास एवम् व्यवस्थापन गर्ने विषयलाई कार्यान्वयमा जोड दिन परिषदले आग्रह गरेको छ ।

पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले आफूले महानगर प्रमुखको जिम्मेवारी सम्हाले लगत्तै पोखरालाई पर्यटकीय राजधानी बनाउने विषय प्राथमिकतमा रहेको जनाउँदै पोखराको पर्यटन विकासका लागि अहिलेसम्म भएका अध्ययन प्रतिवेदन र सुझावहरुको अध्ययन गरेर समग्र पोखराको विकासका नीजि क्षेत्रसँग हातेमालो गरेर आफू अघि बढ्ने बताउनु भयो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका विरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# सधैं शंकाको घेरामा सरकार

सरकारले पेट्रोलियम पदार्थको भारी मूल्य वृद्धि गरेर संसद्बाट पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्ने वचन विपरीत मूल्यवृद्धि गर्नुले संसद्को समेत अपमान भएको छ। सरकारले पेट्रोलियम पदार्थमा फेरि पनि मूल्यवृद्धि गरेर जनताको ढाड सेक्ने काम गरेको छ । पेट्रोलियम पदार्थमा लाग्दै आएको केही कर हटाउन सके जनतालाई राहत हुने थियो । आयल निगमको संस्थागत सुधार गरेर पनि पेट्रोलियम पदार्थको मूल्य घटाउन सकिने विकल्पसमेत प्रस्तुत गरिदा अर्थमन्त्रीले बजेट वक्तव्य पढ्दै गर्दा वक्तव्यमा लिखित रुपमा सम्मिलित नगरे पनि अन्तिममा उनले मौखिक रुपमा पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्ने बताएका थिए ।

'यो जनताको ढाड सेक्ने कुरा त हुँदै हो । यो वास्तवमा संसद्को पनि अपमान हो । कमसेकम एउटा कर हट्दा पनि थोरै भएपनि राहत हुन्छ । आयल निगमको समग्र संस्थागत सुधार गर्ने हो भने मूल्य घटाउन सकिन्छ । यो काम नगरिकन सिधै बाहिरबाट समायोजन भएर आयो; त्यसको सिधै मार जनतालाई दिने खालको छ ।' सरकारी पुर्ण स्वामित्वको नेपाल आयल निगमले अहिलेसम्मकै धेरै पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ । आइतबार राति १२ बजेदेखि लागू हुने गरी निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । मूल्यवृद्धिअनुसार पेट्रोल प्रतिलिटर १९९ र डिजेल-मट्टितेलको मूल्य प्रतिलिटर १९२ रुपैयाँ पुगेको निगमले आइतबार राति विज्ञप्ति जारी गर्दै पेट्रोलको साविकको खुद्रा बिक्री मूल्यमा २१ रुपैयाँले वृद्धि गरी प्रतिलिटर १९९ रुपैयाँ तथा डिजेल र मट्टितेलको साविकको खुद्रा बिक्री मूल्यमा २७ ले वृद्धि गरी प्रतिलिटर १९२ रुपैयाँ कायम गरिएको जनाएको छ ।

त्यस्तै हवाई इन्धन (आन्तरिक) तर्फ १९ ले वृद्धि गरी प्रतिलिटर १८५ र हवाई इन्धन (बाह्य) तर्फ अमेरिकी डलर सयले वृद्धि गरी प्रतिकिलो लिटर अमेरिकी डलर १,६४५ कायम गरिएको जनाएको छ । निगमले एलपी ग्यासको खुद्रा मूल्य भने हाललाई यथावत् नै राखिएको जनाएको छ । जनतालाई राहतको साटो आहात पुर्‍याउने काम भएको छ । प्रतिनिधि सभाको बैठकमा नेपाल आयल निगमले आइतबार रातिदेखि इन्धनमा चरम मूल्यवृद्धि गरिएको भन्दै आपत्ति प्रकट गरिएको छ । सडकमा विद्यार्थी संगठनले विरोध गरेका छन ।

पछिल्लो एक महिनामा मात्रै चारपटक मूल्यवृद्धि भएको छनेकपा (एमाले) का सांसद पद्मा अर्यालले नागरिकको ढाड सेक्नेगरी मूल्यवृद्धि गरिएको आरोप लगाइन्।उनले पेट्रोल पम्पमा स्टक राखेर मूल्यवृद्धि गरिँदा ठूलो आर्थिक लाभ हासिल भएको आरोप लगाइन् । हेर्दा सामान्य रूपमा इन्धनको मूल्यवृद्धि भएको देखिए पनि यसले बजारमा चरम महँगी बढाउने भन्दै जनता निरास बनाउने काम गरिएको उनको भनाइ थियो । छोटो-छोटो समयमा मूल्यवृद्धि गरेर नागरिकको दैनिक जनजीवन प्रभावित भएको उनले बताइन्।

उनले मूल्यवृद्धिका सम्बन्धमा सरकारको तर्फबाट उचित जवाफ नआउँदासम्म सदनको कारबाही अगाडि बढ्न नसक्ने जिकिर गरिन् । सांसद अर्यालको उक्त मागपछि सभामुख अग्निप्रसाद सापकोटाले आफ्नो ध्यानाकर्षण भएको भन्दै सरकारलाई उचित जवाफ दिन निर्देशन दिए।सरकारले मुल्य बढाउने निर्ण अगावै पेट्रोल पम्प बन्द गरेर पुरानो स्टक नहेरी मूल्य बढाउनु चलखेल भएको आशंका गरिएको छ।पटकपटक यस्तो प्रश्न उठ्दा सरकारले भ्फारा टार्ने काम गर्दै आएको छ । जनताप्रति जवाफदेही नहुने र पारदर्शिता अपनाउन नसक्दा प्रश्न उठ्नु स्वभाविक हो । विचौलिया हावी भएको सरकारका हरेक निर्णयलाई शंकाको घेरामा राख्नुपर्ने बनाएको छायी सबै प्रश्न र आशंका हटाउन निश्पक्ष छानबिन समिति बनाउनु जरुरत छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : मन चञ्चल | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# स्टेप बाई स्टेप माविमा सर्कलहरु पुनर्गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असार**

स्टेप बाई स्टेप मा. बि. मासबार, पोखरामा क्रियाशील युवा रेडक्रस सर्कल, क्वालिटी सर्कल र ग्रो सर्कलको पुनर्गठन गरिएको छ ।

विद्यालयमा एक कार्यक्रमको आयोजना गरी तीनै सर्कलको पुनर्गठन गरिएको छ । पुनर्गठित युवा रेडक्रस सर्कलको अध्यक्षमा अपराजिता बराल, उपाध्यक्ष विपिन राउत, सचिव रासिका श्रेष्ठ, सहसचिव अनुप गिरी, कोषाध्यक्ष युगल अधिकारी र सहकोषाध्यक्ष समनबाबु पौडेल चयन भएका छन् । सदस्यहरुमा चाहत गुरुङ, राजन थापा, उत्सव शर्मा, एलिना रसाइली, सुशान्त अधिकारी, सुप्रिम थापा र लोचना बराल चयन भएका छन् । शिक्षक नायक लक्ष्मण प्रसाद भण्डारी रहेका छन् ।

स्नेहा रिजालको अध्यक्षतामा गठित क्वालिटी सर्कलको उपाध्यक्ष असिमा तिमिल्सिना, सचिव अनमोल खडका, सहसचिव ममता गिरी र कोषाध्यक्ष वर्षा सापकोटा चुनिएका छन् । सदस्यहरुमा कृपा भण्डारी, विल्सन न्यौपाने, सार्थक पौडेल, निर्माण नेपाल, प्रिमस आचार्य, कोहिनुर भण्डारी, अदिती पराजुली र आयुषा लामिछाने छानिएका छन् । शिक्षक कोडिनेटरमा मेघनाथ गिरी रहेका छन् ।

रानी कुँवरको अध्यक्षतमा गठित ग्रो सर्कलमा उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमशः कोसिस क्षेत्री, सम्यक पहारी, सुदेस्ना पौडेल र साहिल लामिछाने रहेका छन् । शिक्षक कोडिनेटरमा राम चन्द्र शर्मा रहेका छन् । प्राचार्य तथा सर्कलका संरक्षक निर्मला बरालले विद्यार्थीहरुमा नेतृत्व क्षमताको विकास गर्ने, सेवाको भावना जागृत गर्ने र विद्यार्थीमा सक्रियता बढाउने उद्देश्यले सर्कलहरु गठन गरिएको बनाउनुभयो । संस्थापक निर्देशक रमाकान्त बराल, सहप्राचार्य दिपक गिरी र विद्यालय संयोजक सूर्य प्रसाद लम्सालले पनि बोल्नुभएको थियो ।

# वन्यजन्तुलाई पोखरी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ६ असार**

वन्यजन्तुको उपभोगका लागि म्याग्दीका सामुदायिक वनमा पोखरी निर्माण भएको छ । डिभिजन वन कार्यालयले चालु आर्थिक वर्ष २०७८/७९ मा जिल्लाका दशवटा सामुदायिक वनमा वन्यजन्तुले पानी पिउने पोखरी निर्माण गरेको हो । मानव र वन्यजन्तुको द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले सामुदायिक वन उपभोक्ता समूहमार्फत पोखरी निर्माण भएको कार्यालयका सहायक वन अधिकृत नरबहादुर क्षेत्रीले जानकारी दिनुभयो ।

"वन्यजन्तु पानी र आहारको खोजीमा मानव बस्तीमा नआउन भनेर जङ्गलमै पोखरी बनाइएको हो", उहाँले भन्नुभयो, "वनमै पानी र आहार भएपछि वन्यजन्तु मानव बस्तीमा नआउने र द्वन्द्व व्यवस्थापनमा सहयोग पुग्ने उद्देश्यले पोखरी बनाइएको हो ।" सहायक वन अधिकृत क्षेत्रीका अनुसार पोखरी बनाउन कार्यालयमा १७ सामुदायिक वन समूहले प्रस्ताव गरेकोमा छनोट भएका दशवटै समूहले कार्य सम्पन्न गरेका हुन् । प्रतिपोखरी निर्माणका लागि रु एक लाखका दरले बजेट विनियोजन भएकोमा प्रशासनिक खर्च कटाएर रु ९६ हजारका दरले भुक्तानी गरिएको सहायक वन अधिकृत क्षेत्रीले बताउनुभयो ।

बेनी -९ को गलेश्वर ठूलो सल्लेरी, घोर्लास, धौलागिरि-७ को धारापानी, रघुगङ्गा-२ को कृष्ण तालाबन्दी, मङ्गला-२ को सल्यान सल्लेरी, भदौरेपाखा, रघुगङ्गा-८ को उत्तिसिने, बेनपा-५ को भेडाखोर, पानी पँधेरो देपुर्नेआटी, मङ्गला-३ र ४ को टाड बिसाउना सामुदायिक वनमा पोखरी निर्माण भएको डिभिजन वन अधिकृत मनोज रानाभाटले बताउनुभयो ।

६१.७५ वर्गमिटर क्षेत्रफलमा निर्माण भएका सबै पोखरीको क्षमता ६१ हजार लिटर छ । टाड बिसाउना सामुदायिक वन धापुङका दलवीर पुनले जङ्गलको बीचमा खाडल खनेर बनाएको पोखरीमा नजिकैको मुहानबाट पाइपमार्फत पानी लगेर सङ्कलन गरिएको जानकारी दिनुभयो ।

पोखरी निर्माणले जैविक विविधता संरक्षण, जलवायु अनुकूलन तथा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा योगदान पुग्ने उहाँको भनाइ छ । घोर्लास सामुदायिक वन उपभोक्ता समूह तोरीपानीका ज्ञानबहादुर विकले पोखरीले जङ्गलमा पानीको स्रोत संरक्षण र चिस्यान कायम गराउन सहयोग पुगेको बताउनुभयो । जङ्गलमा निर्माण भएको पोखरीको पानीले डढेलो लागेमा यसलाई निभाउन पनि सहज हुने उहाँले बताउनुभयो । पछिल्लो समय रतुवा, मृग, बाँदर, चितुवालगायत वन्यजन्तु मानव बस्तीमा आएर क्षति पुर्‍याउन थालेका छन् । आहार र पानीका लागि बस्ती नजिक आउने रतुवा, मृतलगायत वन्यजन्तु खोज्दै मानव बस्तीमा पुग्ने चितुवाले मानिस र घरपालुवा जनावरलाई आक्रमण गर्न थालेका बताइएको छ ।

# करेन्ट लागेर विद्युत्का कर्मचारीको मृत्यु

**पोखरापत्र संवाददाता**
**गोरखा, ६ असार**

गोरखामा करेन्ट लागेर विद्युत्का कर्मचारीको मृत्यु भएको छ । सिरानचोक गाउँपालिका-५, जरेवरमा करेन्ट लागेर नेपाल विद्युत् प्राधिकरण गोरखा वितरण केन्द्रमा कार्यरत प्राविधिक रामकुमार लिम्बुको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक केदार खनालका अनुसार हुकिङ गरी चोरी गरिएको विद्युत् लाइन छुटाउन पोलमा चढ्दै गर्दा लिम्बुलाई करेन्ट लागेको हो । ताप्लेजुङ स्थायी घर भएका उनलाई करेन्ट लागेपछि भुईमा खसेका थिए । गम्भीर घाइते लिम्बुको उपचारका लागि गोरखा अस्पताल ल्याउने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

# 'श्रमजिवी पत्रकार ऐन कार्यान्वयनमा जोड'

**पोखरापत्र संवाददाता**
**स्याङ्जा**



श्रमजिवी पत्रकार ऐन कार्यान्वयनमा जोड दिन सरोकारवालाहरुले जोड दिएका छन् । श्रमजिवी पत्रकार ऐन कार्यन्वयनको अवस्था, चुनौति र भावी रणनीति विषयक जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम स्याङ्जाका पत्रकारहरुले ऐन कार्यन्वयन गर्न जोड दिइएको हो ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिको आयोजना तथा नेपाल पत्रकार महासंघ स्याङ्जाको ब्यवस्थापनमा समस्या र समाधानका बिषयमा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । अन्तरक्रिया कार्यक्रममा बोल्दै न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगीता खड्काले श्रमजिवी पत्रकार ऐनलाई कार्यान्वयन हुनेमा जोड दिइन् । उनले ऐन कार्यान्वयनकाक्रममा देखिएका चुनौतिहरुलाई समाधान गर्दै अगाडि बढ्ने बताइन् । ठुला र साना लगानीका मिडियाका कारण श्रमजिवी ऐन कार्यन्वयनमा कठिनाई देखिएको भन्दै अध्यक्ष खड्काले यसका बिषयमा सबै संघसंगठनहरुले साथ दिनुपर्ने बताइन् । कार्यक्रममा नेपाल पत्रकार महासंघ स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देलले सरोकारवाला पक्षहरुबीचमा न्युनतम पारिश्रमिक निर्धारणको कार्यान्वयन गर्नमा जोड दिईने बताए । स्याङ्जाको संचारजगत अत्यन्तै कठिन परिस्थतीबाट गुज्रिएको भन्दै अध्यक्ष सिग्देलले यसको समाधानका लागि स्थानीयतह सकरात्मक हुनुपर्ने बताए । कार्यक्रममा नेपाल पत्रकार महासंघ स्याङ्जाका निवर्तमान अध्यक्ष ओमप्रकाश शर्मा, नेपाल प्रेस युनियन स्याङ्जाका अध्यक्ष प्रदीप कोईराला, प्रेस चौतारी स्याङ्जाका अध्यक्ष सुशील सुबेदी, प्रेस सेन्टर स्याङ्जाका नारायण विक लगायतले स्याङ्जाको पत्रकारिताको अवस्था, यहाँका चुनौतिहरु र श्रमजिवी पत्रकार ऐन कार्यान्वयनको अवस्थाका विषयमा आ आफ्नो धारणा राखेका थिए । नेपाल पत्रकार महासंघ स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सहसचिव तोलाकान्त बगालेले गरेका थिए । जिल्लाका दुईदर्जन क्रियाशिल पत्रकारहरुको सहभागिता रहेको थियो ।

# मिर्छुलुङमा दृश्यावलोकन स्तम्भ

**पोखरापत्र संवाददाता**
**दमौली, ६ असार**

ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित तनहुँको भिमाद नगरपालिका-५ स्थित मिर्छुर्लुङमा दृश्यावलोकन स्तम्भ (भ्युटावर) निर्माण गरिएको छ । देश तथा विदेशमा रहेका नेपालीबाट सङ्कलन गरिएको रकमबाट दृश्यावलोकन स्तम्भ निर्माण सम्पन्न भएको हो । गत मङ्सिर २१ गते दृश्यावलोकन स्तम्भको शिलान्यास गरिएको थियो ।

मिर्छुर्लङमा जन्मेर हाल बेलायतमा रहनुभएका महेन्द्र आलेको परिकल्पनामा दृश्यावलोकन स्तम्भ निर्माण गरिएको हो । यसका लागि उहाँकै सक्रियतामा रु ३० लाख सङ्कलन भएको थियो । "गाउँको विकासका लागि केही गरौं भन्ने भावनासहित विदेशमा रकम सङ्कलन अभियान चलाएको थिएँ, गाउँमा आन्तरिक पर्यटक भित्र्याउने मुख्य लक्ष्य हो", उहाँले भन्नुभयो, "ग्रामीण पर्यटनको माध्यमबाट स्थानीयवासीको आयआर्जन वृद्धिका लागि पनि स्तम्भ सहयोगी हुनेछ ।" कूल रु ३८ लाख चार हजार ९०० को लागतमा दृश्यावलोकन स्तम्भ निर्माण गरिएको मिर्छुर्लुङ क्षेत्र विकास तथा भ्युटावर निर्माण समितिका अध्यक्ष नरेन्द्र थापाले जानकारी दिनुभयो ।

मिर्छुलुङ गाउँमा सञ्चालित घरवासको प्रवर्द्धनका लागि स्तम्भले सहयोग पुग्ने विश्वास लिइएको छ । "विगत केही वर्षदेखि यहाँ घरवास सञ्चालनमा छ, तर घरवासको प्रचारप्रसार हुन नसक्दा पर्यटकको चहलपहल हुन सकिरहेको छैन", उहाँले भन्नुभयो, "स्तम्भ निर्माणपछि घरवासको पनि प्रवर्द्धन हुनेमा विश्वस्त छौं ।" मगर समुदायको कौरा, झ्याउरे, अर्गानिक परिकार मिर्छुलुङ घरवासको विशेषता हो । प्राकृतिक सौन्दर्यताले भरिपूर्ण मिर्छुलुङमा झरना पनि छ । उक्त झरनामा एकपटक क्यानोनिङसमेत सञ्चालन गरिसकिएको छ । कोभिड-१९ को सङ्क्रमणका कारण दुई वर्ष घरवास प्रभावित बनेको थियो । अब कोभिडको जोखिम नरहेकाले घरवासमा पर्यटकको चहलपहल हुने अध्यक्ष थापाले बताउनुभयो । दृश्यावलोकन स्तम्भको उद्घाटन गर्दै भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदीले यसले मिर्छुलुङको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो । "गाउँमा होमस्टे सञ्चालन छ, होमस्टेमा आउने पर्यटकलाई भ्युटावरबाट प्राकृतिक दृश्यावलोकन गराउन सके यहाँको थप प्रवर्द्धन हुन्छ", उहाँले भन्नुभयो । पर्यटन प्रवर्द्धन गरी स्थानीयको आयआर्जनमा वृद्धि हुन सके मात्र भ्युटावर निर्माणको औचित्य रहेको उहाँले बताउनुभयो ।


## शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०३/०७

INTERNATIONAL NEPAL FELLOWSHIP

यस आई एन एफ नेपाल, पोखराका लागि आ.ब. २०७९/०८० तपसिलमा उल्लेखित वस्तु तथा सेवाहरु आवश्यकता भएकोले उक्त वस्तु तथा सेवाहरु आपूर्ति गर्न ईच्छुक तथा योग्य आपूर्तिकर्ता कम्पनि/फर्महरुबाट शिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ ।

**१. औषधी आपूर्ति** **२. सर्जिकल सामाग्री**
**३. मेडिकल ल्याब रिजेन्ट तथा सामाग्रीहरु** **४. Hearing Aid तथा Battery आपूर्ति**

**बोलपत्रका शर्तहरुः**

१. शिलबन्दी बोलपत्र मितिः २०७९/०३/२१ गते दिउसो ५:०० बजे सम्म पेश गरि सक्नु पर्ने छ ।
२. बोलपत्रमा प्रस्तुत गरिने मूल्य नेपाली रुपैंयामा अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ ।
३. आपूर्तिकर्ताले शिलबन्दी बोलपत्रको साथमा अद्यावधिक कम्पनि/फर्म दर्ता तथा नबिकरण, स्थायी लेखा नम्बर/मु.अ.क. दर्ता र आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा अन्य सान्दर्भिक कागजातहरु पेश गर्नुपर्नेछ ।
४. आपूर्तिकर्ताले एक पटक पेश गरी सकेको शिलबन्दी बोलपत्र पुनः संसोधन गर्न पाईने छैन ।
५. फाराममा दरभाउ राख्न छुटाएका, म्याद नाघी आएका, सर्त सहित र माग गरे बमोजिमका कागजातहरु संलग्न नभएका शिलबन्दी बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।
६. एक भन्दा बढी वस्तु तथा सेवाहरुको दरभाउ पेश गर्ने आपूर्तिकर्ताले छुट्टा छुट्टै शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
७. आपूर्तिकर्ताले स्पष्ट रुपमा खामको बाहिर पट्टि फर्मको नाम, ठेगाना, सम्पर्क नम्बर र फर्मको छाप लगाउनु पर्नेछ ।
८. बोलपत्रहरु कारण खुलाई वा नखुलाई पुरै अथवा आंशिक स्वीकृत गर्ने वा पुरै रद्ध गर्ने अधिकार यस कार्यालयमा निहीत रहनेछ ।
९. यस शिलबन्दी बोलपत्र प्रक्रियाबाट छनौट हुने कम्पनी/फर्मबाट आवश्यकता अनुसार एकै पटक वा पटक पटक गरी समेत खरिद गर्न सक्ने छ ।
१०. आपूर्ति गर्नु पर्ने सामग्रीहरुको सूची सहित बोलपत्रको आवेदन फाराम तथा Specifications तपशिलको ठेगानाबाट प्राप्त गरिनेछ ।

**बोलपत्र प्राप्त तथा पेश गर्ने ठेगानाः**
**प्रशासन शाखा**
**आई एन एफ नेपाल**
**केन्द्रीय कार्यालय, सिमपानी-१, पोखरा र**
**आई एन एफ नेपाल, हरियो खर्क अस्पताल, नयाँगाउ-१५, पोखरा**
**फोन नं. ०६१-५७०१११, ४३०३४२**

